**प्रशासन** असार २०७९, वर्ष ५३, अङ्क १, पूर्णाङ्क १३५, i-ii
© २०७९ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v53i1.46605
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

## सम्पादकीय

सार्वजनिक प्रशासनको ऐतिहासिक धरोहरको रूपमा रहेको प्रशासन जर्नलको नवीन र परिष्कृत १३५ औं अङ्क प्रकाशन भएको छ ।

सार्वजनिक चासो र सरोकारका साथै अन्तरसम्बन्धित क्षेत्रका विविधतायुक्त विषयवस्तुलाई समेटेर प्रशासन जर्नललाई नयाँ स्वरूपमा प्रकाशित गरिएको छ ।

शासकीय रूपान्तरणसँगै सङ्घीय शासन व्यवस्थालाई संस्थागत गर्न अन्तरतह र अन्तरनिकाय समन्वय प्रभावकारी बनाई सार्वजनिक सेवालाई नागरिक समक्ष पुऱ्याउनुपर्ने आवश्यकता छ । राजनीति र प्रशासनबिचको सम्बन्ध र सीमालाई व्यावहारिक रूपमा कार्यान्वयन गरी सरकारप्रतिको विश्वास अभिवृद्धि गर्नुपर्नेछ ।

सार्वजनिक चासो, सरोकार र समस्यालाई विहङ्गम विश्लेषण गरी सार्वजनिक नीति तर्जुमा गर्न र यसको लागि सार्वजनिक निकाय र विश्वविद्यालय लगायतका प्राज्ञिक क्षेत्रबिच एकापसमा ज्ञान र अनुभव आदानप्रदान गर्न आवश्यक देखिएको छ ।

नागरिकप्रति संवेदनशील, सकारात्मक भावनाले अभिप्रेरित एवम् आध्यात्मिक चिन्तनयुक्त कर्मचारीतन्त्रको विकासका लागि हाम्रा ऐतिहासिक धार्मिक ग्रन्थका भावलाई समेत आत्मसात् गर्नुपर्ने देखिन्छ ।

दिगो आर्थिक, सामाजिक, वातावरणीय र सांस्कृतिक विकासका लागि अन्तरसम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्न हाम्रा नीति, कानुन, आचरण र व्यवहारहरूलाई निरन्तर परिष्कृत र परिमार्जित गर्दै लैजानुपर्ने भएकोले यस अङ्कमा यी र यस्ता विषयवस्तु समावेश गरी सकेसम्म विभिन्न क्षेत्रमा दखखल राख्ने विद्वान् लेखकहरूका लेख रचनाहरू समावेश गरिएको छ ।

प्रशासन जर्नललाई बढीभन्दा बढी पाठक तथा प्राज्ञिक वृत्तमा समेत सहज र सरल ढङ्गले पुऱ्याउने उद्देश्य राखी NepJOL (Nepalese Journal Online) मा सूचीकृत गरी यस अङ्कदेखि प्रत्येक लेखको DOI (Digital Object Identifier) सहित प्रकाशन गर्ने व्यवस्था गरिएको छ ।

प्रशासन जर्नललाई सार्वजनिक प्रशासनको अब्बल प्रकाशनको रूपमा निरन्तरता दिन प्रशासन जर्नल तयारी तथा प्रकाशनसम्बन्धी कार्यविधि, २०७९ तयार गरी यसको आधारमा स्तरीकरण (Standardization) गर्ने प्रयास गरिएको छ ।

जर्नलको स्तर यसमा प्रकाशित हुने लेखको विषयवस्तु, विश्लेषणात्मक पक्ष ढाँचा लगायत अन्तर्राष्ट्रियस्तरमा कायम भएका मापदण्डको पालनाबाट हुने भएकोले आगामी अङ्कमा विद्वान् लेखकहरूबाट समसामयिक बौद्धिक रूपमा स्तरीय लेखहरू प्राप्त हुने अपेक्षा गरिएको छ ।

प्रशासन जर्नलको १३५ औं अङ्कमा समावेश लेख रचनाहरूको भाषा सम्पादन गरी महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने त्रिभुवन विश्वविद्यालय, भाषा विज्ञान केन्द्रीय विभागका उपप्राध्यापक डा. भीमलाल गौतमप्रति विशेष धन्यवाद व्यक्त गर्दछौं । साथै यस जर्नल प्रकाशनका क्रममा विभिन्न पक्षबाट सहयोग पुऱ्याउनुहुने सबै महानुभावहरूमा सम्पादक मण्डलका तर्फबाट हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछौं ।

## सम्पादक मण्डल

### प्रधान सम्पादक

नारायण प्रसाद अर्याल

सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### कार्यकारी सम्पादक

कवीन्द्र नेपाल

उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### सम्पादक

विकास डंगोल

शाखा अधिकृत, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

गौरव पन्थी

शाखा अधिकृत, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

शोभाकर पाण्डेय

शाखा अधिकृत, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय